June 25, 2026

**यो आकाशवाणी हो।**

**मुख्य समाचार**

१. देशभर आज संविधान हत्या दिवस पालन

२. उपराष्ट्रपतिले आज राज्यसभाका नवनिर्वाचित र पुन:निर्वाचित सदस्यहरूलाई गराउनुभयो शपथ ग्रहण

३. ब्रिक्स ऊर्जा मन्त्रीहरूको बैठक हरियाणाको गुरुग्राममा भयो सुरु, अनि

४. भेनेजुएलामा सात दशमलव दुई र सात दशमलव पाँच तीव्रताको लगातार भूकम्पले गर्दा आपतकालीन अवस्था घोषणा

---------

Samvidhaan Hatya Diwas

आज **संविधान हत्या दिवस** मनाइँदैछ। यस दिन, **पच्चीस जुन उन्नाइस सय पचत्तर-मा** भारतको संविधानलाई कुल्चिएपछि के भयो भन्ने कुराको सम्झना गराउनुका साथै आपतकाल-बाट पीडित प्रत्येक व्यक्तिलाई श्रद्धाञ्जली पनि अर्पण गरिन्छ। उपराष्ट्रपति सीपी राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले आज आपतकालको समयमा लोकतान्त्रिक मूल्यमान्यताको रक्षामा दृढतापूर्वक उभिएका सबैलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल पोस्टमा,

आपतकाल संविधानमाथि प्रत्यक्ष आक्रमण भएको र यसले नागरिक स्वतन्त्रताको निलम्बन, अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने र राजनीतिक नेता, पत्रकार र सामाजिक कार्यकर्ताहरूको गिरफ्तारी पनि देखेको बताउनुभयो। यसका साथै उहाँले, पूर्व प्रधानमन्त्री **अटल बिहारी वाजपेयीले** लेखेका कविताका पङ्क्तिहरू पनि सुनाउनुभयो।

## Prez-Officer Trainees

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा **सैन्य इन्जिनियर सेवाका** अधिकारी प्रशिक्षार्थीहरूसँग भेट गर्नुभयो। राष्ट्रपतिले सैनिक, नाविक र वायु योद्धाहरूले राष्ट्रको रक्षा गर्ने आफ्नो कर्तव्य प्रभावकारी र कुशलतापूर्वक पूरा गर्न सकून् भन्ने कुरा सुनिश्चित गर्न सैन्य इन्जिनियर सेवाका अधिकारीहरूको सीप, समर्पण र कडा परिश्रम आधारभूत रहेको बताउनुभयो। उहाँले उनीहरूको प्रयासले बलियो र सुरक्षित भारतमा मात्र नभई स्वच्छ, हरियो र दिगो भारतमा पनि योगदान पुऱ्याउनुपर्छ भन्नुभयो।

## VP oath

**उपराष्ट्रपति तथा राज्यसभा अध्यक्ष सीपी राधाकृष्णनले** आज संसद भवनमा राज्यसभाका नवनिर्वाचित र पुन:निर्वाचित दश सदस्यहरूलाई शपथ ग्रहण गराउनुभयो। सदस्यहरूमा तेलुगु देशम पार्टीका **सना सतीश बाबु**, **विजय चिन्ताकायला** र **बाश्यम रामाकृष्ण** र, जनसेना पार्टीका **लिंगामनेनी रमेश** रहेका छन्। सदस्यहरू सबै आन्ध्र प्रदेशका हुन्। राज्यसभा अध्यक्षले अरुणाचल प्रदेशबाट भाजपाका **ताई तगक,**

ओडिशाबाट भाजपाका **देबाशिष सामन्तराय**, तमिलनाडुबाट कांग्रेसका **प्रवीण चक्रवर्ती** र गुजरातबाट भाजपाका **राजेश परमानन्द शुक्लालाई** पनि शपथ ग्रहण गराउनुभयो। झारखण्ड मुक्ति मोर्चाका **वैद्यनाथ राम** र झारखण्डबाट निर्वाचित स्वतन्त्र सदस्य **परिमल नाथवानीले** पनि शपथ ग्रहण गर्नुभयो।

## Goyal-India UK FTA

वाणिज्य तथा उद्योग मन्त्री **पियुष गोयलले** आज लन्डनमा **भारत ग्लोबल फोरम युके-इन्डिया** हप्तालाई सम्बोधन गर्दै, बेलायतसँगको स्वतन्त्र व्यापार सम्झौता भारतले अहिलेसम्म गरेको सबैभन्दा व्यापक सम्झौता भएको बताउनुभयो। उहाँ **जुलाई पन्ध्र** देखि लागू हुने भारत-बेलायत व्यापक आर्थिक तथा व्यापार सम्झौता को कार्यान्वयनको लागि दुवै देशको तयारीको समीक्षा गर्न तीन दिने भ्रमणमा बेलायत पुग्नुभएको हो।

## BRICS-Gurugram

दुई दिने **ब्रिक्स ऊर्जा मन्त्रीहरूको बैठक** हरियाणाको गुरुग्राममा सुरु भएको छ। बैठकमा केन्द्रीय ऊर्जा मन्त्री **मनोहर लाल खट्टरले** आर्थिक वृद्धि, सामाजिक प्रगति र मानव विकासको लागि ऊर्जा महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले विकास र दिगो विकास लक्ष्यहरू प्राप्त गर्न किफायती, भरपर्दो र दिगो ऊर्जा आवश्यक रहेको र भविष्यका लागि तयार ऊर्जा क्षेत्र निर्माण गर्न भारतले आफ्नो नवीकरणीय ऊर्जा क्षमता, स्मार्ट ग्रिड पूर्वाधार र ऊर्जा भण्डारण प्रणालीहरू द्रुत गतिमा विस्तार गरिरहेको बताउनुभयो।

ब्रिक्स ऊर्जा मन्त्रीहरूको बैठक भोलिसम्म जारी रहनेछ। छलफल ऊर्जा सुरक्षा र दिगोपन, ऊर्जा पहुँच र समानता, र नवप्रवर्तन जस्ता क्षेत्रहरूमा सहयोगलाई सुदृढ पार्नमा केन्द्रित छ।

## Easy Connect Flight

**नागरिक उड्डयन मन्त्री के राम मोहन नायडूले** आज वाराणसी उत्तर प्रदेशको **लाल बहादुर शास्त्री अन्तर्राष्ट्रिय विमानस्थलबाट** पहिलो **Easy Connect** उडानको उद्घाटन गर्नुभयो। दिल्ली हुँदै वाराणसीलाई विश्वसँग जोड्ने पहिलो हब र स्पोक उडानको उद्देश्य भारतको कुना-कुनालाई विश्वसँग जोड्नु हो। मन्त्रीले यस अवसरमा नयाँ हब र स्पोक मोडेलले नागरिकहरूको यात्रा गर्ने तरिकामा ठूलो परिवर्तनको लागि मार्ग प्रशस्त गर्दछ भनेर भन्नुभयो।

## EAM-South Korea

विदेशमन्त्री डा. एस. जयशंकरले **दक्षिण कोरियामा शान्ति र समृद्धिका लागि जेजु फोरम दुई हजार छब्बीस** लाई सम्बोधन गर्दै विश्वले सामाजिक सञ्जाल युगमा बढ्दो हतियारीकरण र उच्च जोखिमयुक्त राजनीति देखिरहेको बताउनुभयो। मन्त्रीले कोभिड-उन्नाइस, आतंकवादका कार्यहरू वा चरम जलवायु घटनाहरूको प्रभाव जस्ता चुनौतीहरूको सामना गर्न अन्तर्राष्ट्रिय सहयोग आवश्यक भएको र एक सहयोगी विश्व व्यवस्थालाई बढावा दिन भारतको पुरानो दर्शन **"वसुधैव कुटुंबकम"** लाई एक मार्गदर्शक सिद्धान्तको रूपमा लिन आह्वान गर्नुभयो।

## Kolkata-Taratala mishap

**कोलकातामा तारातला** दुर्घटनामा मृत्यु हुनेको संख्या नौ पुगेको छ। घटनापछि **उन्तीस** जनालाई अस्पताल ल्याइएको छ। **मुख्यमन्त्री शुभेन्दु अधिकारीले** आज राज्य सभामा घटनाका दोषीहरूलाई कानुनको कठघरामा ल्याउने बताउनुभयो। उहाँले दुर्घटनामा मृत्यु भएकाहरूका आफन्तलाई **दस लाख रुपैयाँ** र घाइतेहरूलाई **एक लाख रुपैयाँ** दिने घोषणा गर्नुभएको छ। यसका साथै, **प्रधानमन्त्री नरेन्द्र मोदीले** पनि प्रत्येक मृतकका आफन्तलाई **दुई लाख रुपैयाँ** र घाइतेहरूलाई **पचास हजार रुपैयाँको** अनुग्रह भुक्तानीको घोषणा गर्नुभएको छ। यसैबीच, घटनाको अनुसन्धान गर्न SIT गठन गरिएको छ र हालसम्म पाँच जनालाई पक्राउ गरिएको छ।

## Venezuela Earthquake

भेनेजुएलाका राष्ट्रपति **डेल्सी रोड्रिगेजले** आज बिहान **सात दशमलव दुई** र **सात दशमलव पाँच** तीव्रताको लगातार भूकम्प गएपछि देशमा आपतकालीन अवस्था घोषणा गर्नुभएको छ। शक्तिशाली भूकम्पको श्रृंखलामा **एक सय चौसाठी** जनाको मृत्यु भएको र **नौ सय एकत्तर** भन्दा बढी घाइते भएका छन्। उपराष्ट्रपति सीपी राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले भेनेजुएलामा आएको गम्भीर भूकम्पबाट भएको विनाशप्रति दुःख व्यक्त गर्नुभएको छ।

## FIFA

फिफा विश्वकपमा, समूह ई को खेलमा **कुराकाओले आइभरी कोस्टसँग** खेल्नेछ भने अमेरिकाको पूर्वी

रदरफोर्डमा **इङ्गेडरले जर्मनीसँग** खेल्नेछ। दुवै खेल भारतीय समय अनुसार **बिहान एक तीस बजे** सुरु हुनेछ। पछि, **जापानले** समूह एफ को खेलमा **स्वीडेनसँग** र **ट्युनिसियाले नेदरल्याण्ड्ससँग** खेल्नेछ। दुवै खेल भारतीय समय अनुसार **बिहान चार तीस बजे** हुनेछ। यसअघि, **दक्षिण अफ्रिकाले** आज बिहान **दक्षिण कोरियामाथि एक-शून्य** को जित हासिल गर्दै पहिलो पटक नकआउट चरणमा प्रवेश गरेको छ।

--------